जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १७८ पृष्ठः ४ | २०८२ कार्तिक १८ मंगलबार (Tuesday 04 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# पक्की घर पाएपछि मुसहर समुदाय खुसी



**जीवछ यादव**

लहान, १७ कार्तिक। लहान–१३ पक्की टोलका मुसहर समुदायको बस्ती टाढैबाट चम्किरहेको देखिन्छ। फुसको घरमा वर्षातको बेला जसोतसो गुजारा गर्ने मुसहर समुदायको फुसको घरमा ढोका पनि हुँदैन्थ्यो। लहान नगरपालिका र ह्याविटेत नेपालले बीस घर मुसहर समुदायलाई प्रति व्यक्ति दुई कोठा र एक शौचालयसहित पक्की र रङ्गीन घर निर्माण गरिदिएपछि त्यस बस्तीको रौनकता मुसहर समुदायको अनुहारमा बेग्लै खुसी देखिएका छन्।


पक्की टोलकी सुमिन्त्रा सदाय हर्षित मुद्रामा भन्नुहुन्छ, "पक्की र रङ्गीन घर निर्माण भएपछि पक्की टोलको मुसहर समुदायप्रति हेर्ने अन्य समुदायको दृष्टिकोण नै फेरिएको छ। घर भएपछि भर भयो। ढुक्क भएर मजदुरी गरेर गुजारा गरिरहेका छौं। मुसहर समुदायको पनि पक्की रङ्गीन घर होला भने सोचेका पनि थिएनौं। अहिले घरले हैसियत र खुसी दुबै दिएको छ।"

७० प्रतिशत लहान नगरपालिका र ३० प्रतिशत ह्याविटेत नेपालको सहयोगमा इँटा र बाँस मिलाएर लहान नगरपालिका १३ नम्बर वडासहित १२ र १५ नम्बर गरी १३८ मुसहर समुदायको सुरक्षित आवास कार्यक्रम अन्तर्गत घर निर्माण गरिएको छ। भवानी एकीकृत विकास केन्द्रको प्राविधिक सहयोगमा निर्माण भइरहेको मुसहर समुदायको घर तीस वर्षसम्म टिक्ने इन्जिनियर रामसुन्दर यादवले बताउनुभयो। स्थानीय स्रोत साधनको प्रयोग गरी बनाएको वातावरण मैत्री घर निर्माण कार्य लहान नगरपालिकाको मुसहर समुदायको सघन बस्तीमा निर्माण कार्य लहान नगरपालिकाले प्रत्येक वर्ष एक करोड विनियोजन गरेर यस कार्यलाई निरन्तरता दिइरहेको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो।

'केवल भौतिक विकास मात्रै समग्र विकास नभएर सामाजिक न्याय र विपन्न समुदाय लक्षित कार्यक्रमलाई लहान नगरपालिकाले निरन्तरता दिइरहेको छ। लहान

–बाँकी दुई पेजमा

# माओवादी मधेस प्रदेश संसदीय दलको नेतामा साह पुनः नियुक्त



धनुषा, १७ कार्तिक। नेकपा ( माओवादी केन्द्र) मधेस प्रदेश संसदीय दलको नेतामा भरतप्रसाद साह पुनः नियुक्त भएका छन्। मधेस प्रदेशका पूर्वमन्त्री समेत रहेका साहलाई आज पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेस प्रदेशसभामा दलको नेता पुनः नियुक्त गरेका हुन्। सभामुख रामचन्द्र मण्डललाई माओवादी केन्द्रका संयोजकसमेत रहेका दाहालद्वारा हस्ताक्षरित पत्र पठाएर साहलाई दलको नेता कायम गर्न निर्णय भएको जानकारी गराइएको छ। पत्रमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) मधेस प्रदेश संसदीय दलको नेतामा माननीय भरतप्रसाद साहलाई पुनर्स्थापित गर्ने निर्णय भएकाले उहाँलाई दल नेता कायम गरी दलको तर्फबाट प्रतिनिधित्व गराउन अनुरोध गर्दछु।' साह यसअघि पनि माओवादी केन्द्रको तर्फबाट संसदीय दलको नेता रहिसकेका छन्।

# लोखरममा तीन जनामा हैजा पोजेटिभ

**देवराम यादव**

सप्तरी, १७ कार्तिक। सप्तरीको छिन्नमस्ता गाउँपालिका–५ लोखरममा झाडापखाला प्रभावित क्षेत्र तीन जनामा हैजा पोजेटिभ देखिएको छ। स्वास्थ्य कार्यालय सप्तरी र गाउँपालिकाको स्वास्थ्यकर्मीको टोलीले नौ जनाको पखालाको आरडिटी परीक्षण गर्दा तीन जनामा हैजा पोजेटिभ देखिएको हो। यद्यपी, यो रिपोर्ट पूर्ण विश्वासिलो नभएकाले थप जाँचका लागि माथिल्लो निकायमा पठाइएको स्वास्थ्य संयोजक दिपेन्द्र यादवले बताउनुभयो। उहाँले आरडिटीले शत प्रतिशत हो नै भन्न सकिँदैन ,तर थप रिपोर्ट

–बाँकी दुई पेजमा

# चुनाव भयो भने भाग लिन्छु : अध्यक्ष ठाकुर




**धर्बेन्द्र झा**

जनकपुरधाम, १७ कार्तिक। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले देशमा चुनाव भयो भने भाग लिने बताउनुभएको छ। मधेश प्रदेशको राजधानी जनकपुरधाममा सोमबार आयोजना गरिएको विद्यापति स्मृति पर्व २०८२ मा भाग लिन जनकपुरधाम आउनु भएका अध्यक्ष ठाकुरले सञ्चारकर्मी सँगको कुराकानीमा यस्तो बताउनु भएको हो। उहाँले भन्नुभयो, 'चुनाव भयो भने नि भाग लिने हो। तर चुनाव हुन्छ भन्नेमा अहिले पनि संषय छ। जताततै लुटपाटको अवस्था छ,चुनावी वातावरण तयार भएको छैन। सिंहदरवार, सर्वोच अदालत जस्ता राष्ट्रिय सम्पतिहरु जलेको छ।'

उहाँले न्याय दिने निकायले नै न्यायका लागि उजुरी लिएर प्रहरी कहाँ गएको छ भन्दै यस्तो अवस्थामा चुनाव कसरी हुने भनेर सञ्चारकर्मीलाईनै प्रश्न गर्नुभयो। उहाँले नेताहरु अहिले बाहिर निस्कने अवस्था नरहेको भन्दै नेताहरुको मुख थुनेर चुनाव हुन्छ भने परिकल्पना गर्नु गलत

–बाँकी तीन पेजमा




## खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं।

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन्।

त्यसैले,

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## किसानप्रति राज्यको सधैँको उपेक्षा

यो वर्ष पनि नेपाली किसानलाई 'नखाएको विष' लाग्यो। संसारका ठूला मुलुकको बलमिच्याइँले भएको जलवायु परिवर्तनको उपज बेमौसमी वर्षाले गर्दा खेतमा पाकेको बालीसमेत सुखसँग थन्क्याउन पाएनन्। गत साताको झरीले भिजेका पाँजा उठाउन, सुकाउन र दाइँ गर्न थप पैसा र परिश्रम लाग्ने भयो। यस्ता आकस्मिक प्रकोपलाई 'प्राकृतिक विपत्ति' भनेर किसानहरूले चित्त बुझाउने गरेका छन्। जलवायु परिवर्तनका लागि जिम्मेवार प्रदूषकहरूसँग त्यसका कारण हानि सहन विवश किसानहरूले अहिलेसम्म क्षतिपूर्ति मागेका छैनन्। किसानले त सडकमा जुलुस निकालेर आक्रोश प्रकटसम्म पनि गर्दैनन्।

सडकमा जुलुस र नारावाजी, सार्वजनिक सम्पत्ति वा निजी सम्पत्तिको तोडफोड, लुटपाट र आगजनी गरेनन् भन्दैमा किसानहरू उद्वेलित छैनन् भन्ने ठान्नु गलत हुनेछ। यत्ति हो अधिकांश किसानले यस प्रकारको बेमौसमी वर्षालाई नियति वा दैवी प्रकोप ठानेका हुन्छन्। यसरी बेमौसमी वर्षालगायत जलवायु परिवर्तन वा अन्य कुनै कारण बालीनाली क्षति हुँदा अहिलेसम्म त्यसको पूरै भार किसानहरूले सहँदैआएका छन्। किसानको बाली बिग्रँदा नोक्सान त राज्यलाई पनि हुन्छ तर यस्तो अवस्थाप्रति शासकहरूले भने चासोसम्म पनि राख्ने गरेको देखिँदैन।

देशको कुल गार्हस्थ्य उत्पादनमा पनि कृषिको योगदान नै करिब एक चौथाइ अर्थात् २५ प्रतिशत जति छ भने ६६ प्रतिशत जनसंख्या कृषिमा संलग्न छन्। तैपनि किसानहरूप्रति शासन सत्ताको यस्तो उपेक्षा पक्कै पनि स्वीकार्य र न्यायोचित होइन। किसानहरूका समस्याप्रति दशकौंदेखि हुँदैआएको उपेक्षाका कारण कृषि पेसा अपनाउनेको संख्या घट्दो छ भने देश खाद्यान्नमा समेत परनिर्भर हुनपुगेको छ। सरकारी नीति र योजनामा जति नै बखान गरिए पनि किसानलाई अनपेक्षित प्राकृतिक प्रकोपबाट हुने हानिको क्षतिपूर्ति दिएर सान्त्वना दिन भने कहिल्यै खोजिएन। वास्तविक किसानलाई परेको मर्कामा सान्त्वना दिन सहयोग गर्नु राज्य विशेषगरी तीनै तहका सरकारहरूले कर्तव्य हो। स्थानीय पालिकाहरूले आआफ्नो क्षेत्रका किसानको बालीमा भएको क्षति मूल्यांकन गराएर तत्कालसकिने सहयोग उपलब्ध गराउनुपर्छ। कम्तीमा तिनले विपत्तिका बेला राज्यको आडभरोस हुन्छ भनेर विश्वास त गर्नसकुन्।

मौसम पूर्वानुमान अलि भरपर्दो र त्यसको सूचना व्यापकरूपमा फैलाउन सके पनि अहिलेको जस्तो दुःखद अवस्था कम गर्न सकिन्थ्यो। यसैगरी किसानलाई मौसम पूर्वानुमानको जानकारी खोज्ने र त्यसअनुसार खेतीको काम गर्ने बानी पार्न पनि सूचनाका साथै प्रेरणा दिएर विपत्तिलाई नियति बन्नबाट रोक्न सकिन्छ।

साथै बीउ, मल र खेतीका अन्य खाँचो टार्न अनुदानको व्यवस्था , अर्को बाली लगाउन चाहिने आवश्यक कर्जा वा पुनःकर्जा सुविधा बिना झमेला उपलब्ध गराइनुपर्छ। यस्तो सहयोग रासायनिक मलु वितरणजस्तो बेला बितेपछि दिएर कुनै काम हुँदैन भन्ने पनि हेक्का राख्नु आवश्यक छ।

अहिलेको म्यादी सरकारले दीर्घकालीन सुधार गर्न नसक्ला वा नभ्याउला तर चाहेमा राज्य सञ्चालनमा नयाँ संस्कारको विकास गर्न सक्छ। किसानहरूप्रति सहानुभूतिसम्म पनि कसैले प्रकट नगर्ने उपेक्षाको संस्कृति बदलेर समानुभूतिको नयाँ परम्परा सुरु गर्न सक्छ। यसपटक किसानहरूले राज्यले बेवास्ता नगरेको अनुभूति गर्न पाउलान् त ?

# दक्षिणपन्थी टकरावबाट फासिस्ट शक्ति जन्मने डर छ

**झलक सुवेदी**

जेनजी पुस्ताका साथीहरूसँग संवाद गर्दैगर्दा नयाँ कुरा के पो भनिएला र भनि बाटोमा डराई–डराई आइरहेको थिएँ। तर, जेनजी पुस्ताका साथीहरूको कुरा सुनेपछि उहाँहरूको विचारमा, जुन प्रकारको परिपक्वता देखेँ, त्यसपछि मलाई अलिअलि जाँगर आयो। उहाँहरूलाई धन्यवाद !

मैले दुई विषयमा आफ्ना कुरा राख्नेछु। राजनीतिक रूपमा नेपालमा हाल मध्यमार्गी र मध्य दक्षिणपन्थी राजनीतिक पार्टीहरू छन्। तर, मलाई लाग्छ यहाँ कुनै पनि वामपन्थी पार्टी छैनन्। वामपन्थी राजनीतिक एजेन्डा बोकेका र त्यसप्रति सकारात्मक रहेका राजनीतिक दलहरूको अभाव देखिन्छ।

पछिल्लो आन्दोलनले वर्तमान राजनीतिक दलहरूमा विघटन, अन्तर्विरोध र पुनर्गठनको प्रक्रियाले धक्का दिइरहेको छ। तर यिनीहरूले आफूलाई परिमार्जित गरेर अघि बढ्छन् भन्नेमा मलाई विश्वास छैन। मलाई के पनि विश्वास छैन भने वामपन्थी भनिएका दलहरूको वामपन्थीकरण हुन्छ। यिनीहरूलाई सुधार्ने दुई विकल्प छन्। पहिलो, त्यहीँ भित्र प्रवेश गरेर त्यसको राजनीतिलाई फेर्ने। दोस्रो, समानान्तर क्रान्तिकारी एजेन्डा बोक्ने पार्टी, संगठनको निर्माण गर्ने। मसँग १०–११ वर्ष भूमिगत राजनीतिक दलसँग जोडिएर काम गरेको अनुभव छ। मैले भूमिगत पार्टीको खुला राजनीतिक मोर्चामा काम गरेँ। हामीले रात–दिन गरेर संगठन बनायौँ। अनेकौँ मानिसलाई संगठनमा जोड्यौँ। त्यसैको बलमा ०४६ सालको आन्दोलन भयो। माओवादी आन्दोलन पनि त्यसरी नै भएको हो।

तर पछिल्लो आन्दोलन सामाजिक सञ्जालमा हल्ला गरेकै भरमा ३६ घण्टामै सबै परिवर्तन भइदिने स्तरमा पुग्यो। भनेपछि अब पुरानै खालका पार्टी, उनीहरूको संगठनात्मक शैली, संरचना र त्यसले जन्माउने नेताको आवश्यकता पर्छ भन्ने मलाई लाग्न छाडेको छ। अब अलिक आधुनिक पेशेवर राजनीतिक कार्यकर्ताको खाँचो पर्छ। पेशेवर राजनीतिक कार्यकर्ता भएनन् भने पार्टी चल्दैन तर सबै पेशेवर कार्यकर्ता भए भने पनि पार्टी चल्न सक्दैन।

त्यसकारण आधुनिक ढंगको पार्टी, जसले अहिलेको ज्ञान र प्रविधिलाई संयोजन गर्न सक्छ, त्यस्तो खाले क्रान्तिकारी तप्काले राजनीतिक शक्ति आर्जन गर्छ भन्ने लाग्न थालेको छ। यसबिच राजनीतिक रूपमा दक्षिणपन्थतर्फ ढल्केका शक्तिलाई पनि समाजमा आफ्नो अस्तित्व रक्षाका लागि थोरै वामपन्थतर्फ ढल्किनु पर्ने बाध्यता हुन्छ। जसरी दक्षिणपन्थतर्फ ढल्केका शक्तिहरू थोरै वामपन्थतर्फ ढल्किदा देशमा गणतन्त्र आयो।त्यसैले अब त्यो बाटो समाएर पार्टी बन्न सक्यो भने पुराना पार्टीका केही नेताहरू सु`लान, सु`काहरूबिच एकता हुँदै जाला। यदि अर्को क्रान्तिकारी राजनीतिक शक्ति स्थापित गर्ने हो भने जेनजीका साथीहरू राजनीतिक ढंगले संगठित हुनुपर्ने र संगठन निर्माण गर्नुपर्ने हुन्छ।

यतिबेला जेनजीका साथीहरू विभिन्न पार्टी खोलेर चुनावमा जाने भन्दै हुनुहुन्छ। तर संगठन निर्माण गर्नतर्फ लाग्नु भएन भने त्यसले कुनै खास परिणाम नदिन सक्छ। किनभने यो निर्वाचनले खासै ठूलो रूपान्तरण ल्याउँछ भन्ने देखिँदैन। हालका लागि निर्वाचनबाट ठूला भनिएका राजनीतिक दलका केही नेताहरूले हार्लान्, धेरै खाले पार्टीहरूको प्रतिनिधित्व होला तर त्यसपछि संविधान संशोधन गरेर देश अर्को बाटोमा जान्छ। त्यसपछि जेनजीका साथीहरूको कुनै नामो निशान नरहन सक्छ।

त्यसैले तपाईंहरूले अलिकति पनि राजनीतिक जिम्मेवारी बोध गर्नु भएको छ भने यो आन्दोलनको एजेन्डालाई संस्थागत गर्न व्यवस्थित ढङ्गले काम गर्नुपर्ने हुन्छ। त्यसका लागि राजनीतिक संगठन चाहिन्छ। विचारधारा चाहिन्छ। स्पष्ट कार्यक्रम चाहिन्छ।यसका साथै युवा पुस्ताका साथीहरूले ध्यान दिनुपर्ने महत्त्वपूर्ण कुरा के छ भने कुनै पनि परिवर्तन द्याक्क सोचे जस्तो बनिबनाउ हुँदैन। आन्दोलनका क्रममा विभिन्न पात्र, प्रवृत्ति, चरित्रहरू देखा पर्छन्। विभिन्न शक्ति केन्द्र, स्वार्थ समूहहरू खेल्न थाल्छन्, यो स्वाभाविक हो। त्यसैले अब के गर्ने ? कहाँ जाने ? लक्ष्य कसरी हासिल गर्ने आदि विषयमा राजनीतिक सुझबुझको खाँचो पर्छ।

दक्षिण एसियामा नेपाल मात्रै त्यस्तो देश हो, जहाँ अलिक बढी डेमोक्रेटिक स्पेस छ। त्यो डेमोक्रेटिक स्पेस जोगाउन सकिन्छ कि सकिँदैन ? चुनाव हुन्छ वा हुँदैन। द्वन्द्वको व्यवस्थापन कसरी होला ? चुनाव हुनुपर्छ भन्ने हाम्रो सदिच्छा हुन सक्छ। तर चुनाव हुन्छ वा हुँदैन भन्ने प्रश्न अझै पनि महत्त्वपूर्ण प्रश्न हो। राजनीतिक शक्ति कसको हातमा जान्छ भन्ने त्यसैले निर्धारण गर्छ।

अहिले जेनजीको खलनायकीकरण सुरु भएको छ। केही आपराधिक पृष्ठभूमिका मानिस त्यसमा सामेल पनि थिए तर समग्रमा यो नेपाली युवाहरूकै विद्रोह थियो। विद्रोह माने विद्रोह हो। यसले वर्षौँको आक्रोशलाई सडकमा विस्फोट गरिदिएको हो। यसले पुरानो थितिलाई भत्काउने प्रयास गरेको हो। यति हुँदाहुँदै पनि मलाई के डर छ भने विद्रोहको खलनायकीकरण गर्ने र त्यसलाई उपयोग गरेर शक्ति आर्जन गर्ने दुवै दक्षिणपन्थी शक्तिहरू बिच द्वन्द्व होला अथवा ध्रुवीकरण बढ्दै गएर हाम्रो त्यो डेमोक्रेटिक स्पेस खुम्च्चेला भन्ने डर छ। अहिले नेपालका वाम र मध्यमार्गी शक्ति दुवै कमजोर छन्।

यो दुवै शक्ति कमजोर हुँदा दक्षिणपन्थी टकराबको बिचबाट फासिस्ट शक्ति जन्मने डर पनि हुन्छ। यसबाट जोगिनका लागि अर्को एउटा राजनीतिक शक्तिले ठाउँ पाउने पर्छ। र, भइरहेका शक्तिहरूको पुनर्गठनले स्पष्ट आकार लिएछ भने त्यसलाई बल पुऱ्याउनु पर्छ। ('जेनजी विद्रोह र अबको बाटो' विषयक अन्तर्क्रियामा सुवेदीले राखेको धारणा) रातोपाटीबाट

# महाकवि विद्यापति : नेपालसँगको ऐतिहासिक साइनो

**नवीन प्रियदर्शी**

धनुषा, १७ कार्तिक। आज कार्तिक धवल त्रयोदशी अर्थात मैथिली भाषाका महाकवि विद्यापतिको अवसान दिवस भएको दिन। मैथिली आधुनिक साहित्यलाई ऊर्जा प्रदान गर्ने कविकोकिल विद्यापति आफ्नो साहित्यिक सिर्जनाका माध्यमबाट आज पनि जनमानसमा जीवित छन्। मैथिल क्षेत्रमा उनलाई कविभन्दा पनि गीतकारका रूपमा समेत व्याख्या गरिन्छ। कविकोकिल विद्यापतिको जन्म भारतको विहार राज्यको मधुबनी जिल्लाको विस्फीमा भएको मानिन्छ। यद्यपि उनको जन्ममिति यकिन छैन, सन्१३४० देखि१३७५ को बीचमा जन्म भएको अनुमान गरिएको छ।

विद्यापतिले आफ्नै लेखनीमार्फत आफ्नो अवसानको तिथि उल्लेख गरेका छन्,

*मायबाप जो सदगति पाब,*
*सन्तति अनुपम सुख आब।*
*विद्यापति आयु अवसान,*
*कार्तिक धवल त्रयोदशी जान॥*

अर्थात्, कविकोकिल विद्यापतिले आफ्नो अन्तिम श्वास कार्तिक धवल त्रयोदशीकै दिन लिएका थिए। यही कारणले



मैथली समुदायले प्रत्येक वर्ष यस दिन विद्यापति स्मृति दिवसका रूपमा मनाउने परम्परा रहेको छ। विद्यापतिको पिता गणपति ठाकुर मिथिलाका तत्कालीन राजा कीर्ति सिंह र शिव सिंहका दरबारिया कवि थिए। पिता पनि कवि भएकाले विद्यापतिको साहित्यप्रतिको रुचि सानैदेखि बढेको अनुमान गर्न सकिन्छ।

विद्यापतिको काव्य रचनामा तीन प्रमुख पक्ष पाइन्छ— आश्रयदाताको यशगान, श्रृंगार रसको वर्णन र भक्तिभाव। उनलाई अभिनव जयदेव, मैथिल कोकिल, रससिद्ध कवि, कवि शेखर, रसिक शिरोमणि, कविरत्न, कविरत्न कण्ठहार आदि उपाधि र उपनामहरूले पनि चिनिन्छ। विद्वानहरूका अनुसार, विद्यापतिको कवितामा विषयअनुसार रस र भाषाको चयन अत्यन्त सटिक पाइन्छ। वीररसका लागि उनले अवहट्ट भाषा, भक्ति र श्रृंगारका लागि मैथिली भाषा र शास्त्र वा दरबारसम्बन्धी काव्यका लागि संस्कृत भाषाको प्रयोग गरेका छन्।

कविका रूपमा मात्र होइन, विद्यापति भूगोलका ज्ञाता, इतिहासकार, राजनीतिज्ञ, कर्मकाण्डी र समाज सुधारक पनि थिए। उनको काव्यले गरिब, धनी, उच्च–नीच सबैप्रति समान दृष्टिकोण झल्काउँछ। तत्कालीन समाजमा नारीको स्थिति, प्रेम र विवाह, बालविवाह, बहुविवाहजस्ता विषयमा उनले सात सय वर्षअघि नै आफ्ना कवितामार्फत कठोर प्रहार गरेका थिए। उनका काव्यहरूले आमा, सासू, स्त्रीधन, सतीप्रथा, वेश्याको सामाजिक स्थिति, नारीको शृंगारदेखि मिथिलाको आर्थिक, धार्मिक र सांस्कृतिक अवस्थासम्मका यथार्थ उजागर गर्छन्।

विद्यापतिको काव्य कतै वैष्णव भक्ति भावमा डुबेको छ भने कतै शैवमार्गतिर उन्मुख देखिन्छ। तर उनको काव्यले सधैं मनुष्यलाई मानसिक रूपमा उच्च बनाउने र भविष्यप्रति आशा जगाउने प्रयास गर्छ। उनले विश्वमानवधर्मका पक्षपाती कविका रूपमा स्थान

**–बाँकी तीन पेजमा**

## पक्की घर पाएपछि...

वडा नम्बर १ र २ मा रहेको सयौं घर मुसहर समुदायको सुरक्षित बस्ती निर्माणको कार्य अघि बढाइनेछ। लहान नगरपालिकामा मात्रै वीस हजारको हाराहारीमा दलित समुदायको जनसंख्या रहेकोले बजेटले भ्याएसम्म काम गरिरहेका छौं,"नगरप्रमुख चौधरीले प्रष्ट्याउनुभयो।

मुसहर समुदायमा नागरिकताको समस्या ठूलो समस्या रहेकोले यो समस्या समाधान गर्नको लागि लहान नगरपालिकाले पहल गरिदिनुपर्ने दलित अगुवाहरुले माग गरिरहेकोले यस विषयमा समेत लहान नगरपालिकाले सरोकारवालाहरुसँग छलफल गरेर कार्य अघि बढाइने नगरप्रमुख चौधरीले विश्वास व्यक्त गर्नुभयो।

## लोखरममा तीन...

नआएसम्म हो नै मानेर काम गर्नुपर्ने बताउनुभयो।

जाँचपछि आइतबार बसेको गाउँपालिकाको विपद् व्यवस्थापन समितिको बैठकले तत्काललाई प्रभावित क्षेत्रलाई आइसोलेट गर्ने निर्णय गरेको छ। त्यहाँ स्वास्थ्यकर्मी खटाइने र पूर्ण रिपोर्ट नआएसम्म सबैलाई सावधानी अपनाउन जनचेतना फैलाउने निर्णय गरेको गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले बताउनुभयो। लोखरमको मुसहर बस्तीमा भाडापखाला लागेर एकै परिवारको तीन जनाको मृत्यु भएको थियो। त्यसपछि यो कुरा बाहिरिएको थियो।

# हैजा संक्रमण फैलिएको सदा टोल नै शौचालयविहीन

झापाखालाले अझै ८० जना ग्रसित रहेको टोलमा एउटा पनि शौचालय छैन । त्यहाँका स्थानीयहरू छेउकै पोखरीको डिल र लुकीछिपी अर्काको खेतबारीमा शौच गर्न बाध्य छन् । तर अहिलेसम्म ९ जनाको मात्रै दिसा परीक्षण भएको छ ।



राजविराज, १७ कार्तिक । झाडापखालाले तीन जनाको मृत्यु भएको सप्तरीको छिन्नमस्ता गाउँपालिका–५ को सदा टोल नै शौचालयविहीन रहेको खुलेको छ । अतिविपन्न ९० परिवारको बसोवास रहेको यहाँका ३३ वर्षीय बुचन सदाले झाडापखालाबाट आठ दिनको अन्तरमा परिवारका तीन सदस्य गुमाएका छन् । झाडापखालाले अझै ८० जना ग्रसित रहेको टोलमा एउटा पनि शौचालय छैन । त्यहाँका स्थानीयहरू छेउकै पोखरीको डिल र लुकीछिपी अर्काको खेतबारीमा शौच गर्न बाध्य छन् ।

महिलाले त झन् शौच गर्नका लागि एकाबिहानै उठ्नुपर्ने बाध्यता खेपिरहेकी छन् । 'कहिलेकाहीँ उठ्न ढिलो हुँदा झाडी खोज्दै भौतारिनुपर्छ,' २३ वर्षीया रानी सदाले दुखेसो सुनाइन् । बालबालिकाले घर छेउछाउमै शौच गर्छन् । भारतको पञ्जाब र मुम्बईमा कमाएर परिवारको गुजारा चलाउँदै आएका उनीहरूले आर्थिक अभावका कारण शौचालय बनाउन नसकेको ५० वर्षीय घुरन सदाले बताए ।

वर्षाको पानी निकास नहुँदा खानेपानीका लागि जडान गरिएका तीनमध्ये एउटा चापाकल अझै डुबानमा छ । बाँकी दुई वटा चापाकल पनि हिलाम्य छन् । त्यहीँ चापाकलबाट उनीहरू पानी पिउनेदेखि नुहाउने, लुगा धुने र भाँडा माझ्दै आएका छन् । टोलको साँघुरो बाटो हिलाम्य रहँदा हिँडडुल गर्न समस्या छ ।

टोलमा झाडापखालाले तीन जनाको मृत्यु भइसकेपछि गत शुक्रबार मात्रै थाहा पाएको गाउँपालिकाले साबुन, नेल कटर, सेनिटाइजरलगायतका सामग्री वितरण गरे पनि सरसफाइ भने अझै गराएको छैन । टोलका ठाउँठाउँमा फोहोर थुप्रिँदा दुर्गन्धित छ भने वर्षा रोकिएको दुई दिन भइसके पनि केहीका आँगन अझै धान रोप्न ठिक्क पारिएको खेतझैँ छन् ।

सदा टोलदेखि एक किलोमिटरकै दूरीमा रहेको स्वास्थ्य चौकी कोचाबखारी ( लोखरम) मा बर्थिङ सेन्टरसम्म सञ्चालनमा त छ तर त्यहाँसम्मको बाटो हिलाम्य रहँदा एम्बुलेन्स पुग्ने अवस्था छैन । हिँडेर पुग्न पनि समस्यै छ । 'वार्षिक १८ जनालाई सुत्केरी गराउने हाम्रो लक्ष्य हो तर यहाँसम्म एम्बुलेन्स नआउँदा तीन महिनायता दुई जना मात्र सुत्केरी आउनुभएको छ,' स्वास्थ्य चौकीका प्रमुख सिनियर अहेब आलोक रञ्जन झाले भने ।

ऐलानी जग्गामा बसोबास गरिरहेका सदा समुदायले नै चन्दा संकलन गरेर २०६१ सालमा स्थापना गरेको श्री दलित राष्ट्रिय प्राथमिक विद्यालय लोखरमको अवस्था पनि बेहाल छ । त्यसअघि दुई वटा कोठामै बहुकक्षा (चार वटा कक्षा) सञ्चालन हुँदै आएको त्यहाँ ०८१ मा मधेश प्रदेश सरकारले दुई कोठे विद्यालय भवन बनाइदिए पनि अधुरै छ ।

कक्षा ४ सम्म पठनपाठन हुने त्यस विद्यालयमा सदा समुदायका १ सय ३४ जना बालबालिका अध्ययरत छन् । तर भवन बालमैत्री छैन भने त्यहाँ पनि शौचालय र चापाकल छैन । पुरानो विद्यालय भवनमा रहेको चापाकल पनि हिलाम्य छ । पाँच जना दरबन्दी रहेको त्यस विद्यालयमा राहत, पिसिएफ र बालविकासमा चार जना शिक्षक मात्रै छन् ।

**वडा सदस्यसहित ५ जना बिरामी अस्पताल भर्ना**

टोलका ८० जना झाडापखालाले प्रभावित हुँदा पनि अहिलेसम्म ९ जनाको मात्रै आरडीटी (र्‍यापिड डायग्नोस्टिक टेस्ट) भएको छ । तीमध्ये ४ जनामा हैजा (कोलेरा ख्दचष्य अजयभिचबभ) पोजिटिभ देखिएको गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सिनियर अहेब दिपेन्द्रप्रसाद यादवले बताए ।

'सरसफाइ र पानी परीक्षण लगायतका काम हामी भोलिदेखि सुरु गर्छौँ,' उनले भने, 'प्रभावितले दिसाको नमूना नदिँदा पनि आरडीटी गर्न समस्या भइरहेको छ । अहिलेसम्म हामीले २३ जनालाई बट्टा दिँदा पनि ११ जनाले मात्रै नमूना दिनुभएको छ, अहिले दुई जनाको टेस्ट गर्न बाँकी छ ।' उनका अनुसार वडा सदस्य ६५ वर्षीया अरहुलियादेवी सदा र आरडीटीमा पोजिटिभ देखिएका सुरज सदाका ३ वर्षीय छोरा मनिष, शिवकुमार सदाका ७ वर्षीय छोरा अमन र सुबोध सदाकी ३० वर्षीया पत्नी रेखादेवी सदा गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भर्ना छन् ।

पखाला लागेर सिकिस्त भएकी वडा सदस्य अरहुलियालाई आइतबार राति भर्ना गरिएको हो । उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पताल मेडिकल सुपरिन्टेन्डेन्ट डा. प्रकाश साहले बताए । गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले पालिकाका अधिकांश सर्वसाधारण आर्थिक र सामाजिक रूपमा पछाडि परेका कारण सबै ठाउँमा शौचालय बनाउन नसकेको बताए । 'पालिकाका धेरै क्षेत्रमा अझै शौचालय छैन,' उनले भने, 'पालिकाको एक्लो स्रोतले सबै ठाउँमा शौचालय बनाउन सकिँदैन । सबै क्षेत्रमा शौचालय बनाउनका लागि दातृ निकायसँग सहकार्य भइसकेको छ, अब बनाउँछौँ ।'

कार्तिक २ गतेबाट सुरु भएको झाडापखालाले ६ गते बुचनका एक वर्षका छोरा सञ्जीव, ११ गते ६६ वर्षीय बुबा लक्ष्मण र १४ गते ४ वर्षकी छोरी राधिनीको मृत्यु भएको थियो ।

*महाकवि विद्यापति...*

पाएका छन् । विद्यापतिको कवितामा गाउँघरका सामान्य पति–पत्नी राधा–कृष्णको रूपमा प्रस्तुत भएका छन् । उनका पदावलीहरूमा तत्कालीन सामाजिक विसंगति, रूढी र परम्पराको व्यंग्यात्मक चित्रण पाइन्छ ।

**विद्यापति र नेपाल**

कविकोकिल विद्यापतिको जन्म भारतमा भए पनि उनको सम्बन्ध नेपालसँग गहिरो रूपमा जोडिएको छ । इतिहासकारहरूका अनुसार, मुसलमान शासकहरूले मिथिलाका राजा शिव सिंहलाई बन्दी बनाएर दिल्ली लगेपछि विद्यापतिले शिवसिंहकी रानी र उनका परिवारलाई अहिलेको महोत्तरी जिल्लाको पिपरा गाउँपालिका–७ स्थित बनौलीमा संरक्षण दिएका थिए ।

मैथिली र संस्कृतका विद्वान् डा. गोविन्द चौधरीका अनुसार, विद्यापतिले बनौली प्रवासका बेला लिखनावली नामक ग्रन्थ लेखे र श्रीमद्भागवत को मैथिली अनुवाद पनि गरे । विद्यापतिको भजन परम्पराको प्रभाव काठमाडौं उपत्यकासम्म पुगेको छ । मल्लकालदेखि आजसम्म पनि उपत्यकाका मन्दिर र भजनगृहहरूमा उनका भजन गाइन्छन्,

*बुधवा रंगीया भंगीया भोला,*
*चन्दन तिलक सोहे माथे हि डोलाय ।*
*बाजेलागि डमरु रिमिकी दिमिकिया,*
*नाचे लागी बुध्वा उँमकि उँमकिया...*
*भनहैं विद्यापति शिवजीकी लीला,*
*जगत् पतिके लीला ॥*

काठमाडौं उपत्यकामा नेवार समुदायले गाउने धेरै भजन विद्यापतिकै रचनाहरू हुन् । विद्यापतिको साहित्यमा विरोधी विचारधाराको अद्भुत समन्वय देखिन्छ, उनी सामन्त दरबारका कवि भए पनि लोकजीवनप्रति सचेत थिए । उनले संस्कृतमा रचना गरे पनि जनताको भाषा मैथिली र अवहट्टमा रस बसाल्न सके ।

*उनले किर्तिलता ग्रन्थमा लेखेका छन्*

*सक्कय बानी बहुजन भवइ*
*पाअऊँ रस को मम्म न पाबइ ।*
*देसिल बयना सब जन मिट्ठा, तैं तैसन जम्पओ अबहट्ठा ॥*

यसमा उनले जनभाषाको महत्त्व स्वीकार गर्दै अवहट्ट भाषालाई जन–प्रिय बनाएका छन् । विद्यापतिको व्यक्तित्वमा देशी–विदेशी सांस्कृतिक विचारहरूको संघर्ष झल्किन्छ, जसले उनलाई संक्रमणकालका प्रतिनिधि कविका रूपमा प्रस्तुत गर्छ । उनी दरबारिया भए पनि जनकवि थिए, श्रृंगारिक भए पनि भक्तिकवि थिए । उनी शैव, शाक्त र वैष्णव धाराहरूमा समान रूपले आस्था राख्थे र कुनै एक सम्प्रदायमा सीमित रहेनन् । उनका राधा–कृष्ण कुनै जाति वा देशका होइनन उनीहरू प्रेम र मानवताको सार्वभौमिक प्रतीक हुन् ।

**विद्यापति डीह अतिक्रमणको शिकार**

डा. चौधरीका अनुसार, राजा शिव सिंहको अवस्था अज्ञात भएपछि विद्यापतिले रानी लखिमाको संरक्षणका जिम्मा लिए र उनलाई तत्कालीन राजा पुरादित्यको संरक्षणमा बनौलीमा राखे । विद्यापति त्यहीँ बसेर रानीका लागि काव्य रचना गर्थे, जुन स्थल अहिले ऐतिहासिक महत्त्व गुमाउँदै गएको छ । पिपरा गाउँपालिका–७ का स्थानीय भगवान मिश्रका अनुसार, विद्यापति डीह नामक स्थललाई स्थानीय सरकारले संरक्षण गर्न कुनै पहल गरेको छैन । 'गाउँपालिकाले अघिल्लो कार्यकालमा २१ लाख रुपैयाँको बजेट पनि छुट्याएको थियो, तर प्रयोग भएन,' उनले भने ।

स्थानीयहरूका अनुसार, उक्त डीह अहिले निजी नाममा दर्ता भइसकेको छ र केही भाग खेतीपातीका रूपमा प्रयोग भइरहेको छ । डीह हाल करिब ४ कट्ठामा मात्र सीमित भए पनि पहिल्यै यस क्षेत्रमा कैयौं विघा जग्गा थियो । स्थानीयवासीहरूका भनाइमा, विद्यापति डीहलाई ऐतिहासिक र सांस्कृतिक सम्पदाको रूपमा संरक्षण गर्न तत्काल पहल आवश्यक छ ।

*चुनाव भयो भने...*

हुने बताउनुभयो । उहाँले भन्नुभयो, 'चुनाव भयो भने नेताहरुले नै आ–आफ्नो विचार राख्ने हो । त्यसैले सरकारले यसकालागि वातावरण तयार गर्नुपर्छ ।' अध्यक्ष ठाकुरले लिगल बोडी अहिले पनि प्रतिनिधिसभाने रहेको भन्दै आफुहरु प्रतिनिधिसभा पुर्नस्थापनाको पक्षमा रहेको बताउनुभयो ।

अध्यक्ष ठाकुरले आजै जनकपुरधाममा आयोजित विद्यापति स्मृति पर्व समारोहमा प्रमुख अतिथिको रुपमा सहभागि भई कार्यक्रमलाई सम्बोधन गर्दै महाकवि विद्यापति बहुआयामिक व्यक्तित्व भएको भन्दै विश्व साहित्यमा उहाँको स्थान महत्वपुर्ण रहेको बताउनुभयो । उहाँले समाजका सबै वर्गले विद्यापतिलाई सम्मान गरेको भन्दै उहाँ हाम्रो हुनुमा हामीलाई गर्व रहेको बताउनुभयो ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल)ले कुनैपनि भाषाको सम्मान भएमा मात्रै सो भाषामा साहित्य सृजना गर्नेको सम्मान हुने भन्दै मैथली भाषाको सम्मानका लागि प्रदेश सरकारले कामकाज गर्ने बताउनुभयो । उहाँले मैथली भाषाको सम्मान भएमा महाकवी विद्यापतिको सम्मान अग्रस्थानमा रहने बताउनु भयो । कार्यक्रममा पुर्व प्रदेशसभा सदस्य परमेश्वर साहले विद्यापति महाकवि हुँदा पनि हाम्रो देशमा उहाँलाई अहिलेसम्म राष्ट्रिय विभुतिको सुचीमा नराख्नु दुःखद भएको भन्दै मैथली भाषालाई मधेश प्रदेश सरकारले कामकाजी भाषाको मान्यता दिनु पर्नेमा जोड दिनु भयो ।

विद्यापति स्मृति पर्व समितिका त्रिदेव मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा लोसपाका उपाध्यक्ष डा. अभाष लाभ, समाजसेवी चन्द्रमोहन चौधरी सहितकाले विद्यापतिको जिवनी र उहाँको साहित्य सृजनाको विषयमा कार्यक्रममा बोल्नुभएको थियो ।

# डिभिजन वन कार्यालय भोजपुरका प्रमुख श्रेष्ठविरुद्ध डेढ करोडको भ्रष्टाचार मुद्दा

काठमाडौं, १७ कार्तिक । डिभिजन वन कार्यालय भोजपुरका प्रमुख दानबहादुर श्रेष्ठविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदलात काठमाण्डौमा मुद्दा दायर गरेको हो । श्रेष्ठले पदमा रहेका बेला आर्जन गरेको सम्पत्तीमध्ये एक करोड ४३ लाख १८ हजार नौ सय ३७ रुपैयाँको स्रोत नखुलेका कारण त्यसलाई विगो मानी मुद्दा दायर गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

अख्तियारले बिगोबमोजिम जरिवाना, स्रोत नखुलेको सम्पत्ति र यसबाट बढेबढाइएको चलअचल सम्पत्ति जफतको मागदाबी गरेको छ । श्रेष्ठविरुद्ध डिभिजन वन कार्यालय इलाममा कार्यरत रहेको बेला उजुरी परेको थियो । अख्तियारले उजुरीमाथी छानविनका क्रममा श्रेष्ठ सरकारी सेवा प्रवेश गरेको मिति २०४८ सालको असार २६ गतेदेखि २०८० सालसम्म ३२ वर्षको सम्पत्ति अध्ययन गरेको जनाएको छ । श्रेष्ठले सेवा अवधिमा दुई करोड १६ लाख ८५ हजार रुपैयाँ आर्जन र तीन करोड ६० लाख चार हजार खर्च गरेको देखिएको छ । श्रेष्ठले झुटो विवरण पेश गरी सम्पत्ति विवरण बुझाएकामा पनि थप सजाय मागदाबी गरेको अख्तियारको विज्ञप्तिमा उल्लेख छ ।

# स्रोत नखुलेको २३ लाख रुपैयाँसहित २ युवक पक्राउ

सप्तरी, १७ कार्तिक । सप्तरीमा स्रोत नखुलेको २३ लाख रुपैयाँसहित २ जना युवक पक्राउ परेका छन् । सुरूङगा नगरपालिका–२ स्थित सडकबाट स्रोत नखुलेको नगद २३ लाख रुपैयाँसहित २ जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा झापाको दमक नगरपालिका–५ बस्ने २८ वर्षीय किरण सिटौला र १९ वर्षीय धिरज प्रसाइ रहेका छन् । इलाका प्रहरी कार्यालय भेडियाबाट खटिएको प्रहरीले कदमाहाबाट गाईघाटतर्फ जाँदै गरेको बा.प्रदेश ०१–०२८ च ५००८ नम्बरको पिकअप गाडी

–बाँकी अन्तिम पेजमा

# बाढीपीडितलाई राहत एवं मुअब्जा दिनुपर्ने माग गर्दै आजपाले बुझायो ज्ञापनपत्र



रौतहट, १७ कार्तिक। आम जनता पार्टी (आजपा)ले बाढीपीडित किसान एवं सर्वसाधारणलाई राहत तथा मुअब्जा उपलब्ध गराउन प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारसँग माग गरेको छ। आजपा रौतहट क्षेत्र नं. १ क्षेत्रिय कमिटीले सोमबार रौतहट जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयलाई ज्ञापनपत्र बुझाउदै बाढीपीडितलाई न्याय र किसानलाई राहत तथा मुअब्जा उपलब्ध गराउन माग गरेको हो।

रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी किरणनीति तिवारीलाई आजपाले ज्ञापनपत्र बुझाउँदै बाढीपीडितलाई न्याय तथा किसानलाई राहत एवं मुअब्जा उपलब्ध नगराए आन्दोलनमा उत्रिने चेतावनी समेत दिएको छ। आजपा निकट आम उधोग बाणिज्य संघका केन्द्रीय अध्यक्ष एवं नेता साजन जयसवालको नेतृत्वमा ज्ञापनपत्र बुझाउन गएको टोलीले आफूहरुको माग यथासिघ्र सम्बोधन गर्न माग गर्दै किसान एवं सर्वसधारणलाई न्याय दिने कार्यमा ढिलाइ भए आन्दोलनमा उत्रिने चेतावनी दिएको हो।

यसअघि आम नागरिकको पीडा र किसानको दुःखलाई सम्बोधन गर्न आजपाले "बाढीपीडित राहत र किसान मुआब्जा पदयात्रा" कार्यक्रम सञ्चालन गरेको थियो। बाढीपीडित परिवारलाई तत्काल खाद्यान्न, लत्ताकपडा र स्वास्थ्य सामग्री वितरण गर्नुपर्ने, क्षति पुगेका किसानहरूलाई उचित मुल्यांकन गरी तत्काल मुआब्जा दिनुपर्ने, प्रभावित क्षेत्रमा कृषि ऋण स्थगन र ब्याज माफीको व्यवस्था गर्नुपर्ने, बाढी नियन्त्रण र राहत वितरणमा पारदर्शिता सुनिश्चित गर्नुपर्ने माग आजपाको छ।

# वीरगञ्ज नाका हुँदै तीन महिनामा आठ अर्ब ७० करोडका सवारीसाधन भित्रियो

वीरगञ्ज, १७ कार्तिक। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनामा रु आठ अर्ब ७० करोड मूल्य पर्ने विभिन्न थरिका सवारीसाधन भित्रिएका छन्। वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको तीन महिनामा सवारीसाधनको आयातबाट रु सात अर्ब ७७ करोड राजस्व संकलन भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा सवारीसाधनको आयात र सोबाट प्राप्त हुने राजस्व दुवैमा वृद्धि भएको जानकारी दिनुभयो। जबकी गत आवको तीन महिनामा भने रु छ अर्ब १९ करोड मूल्य पर्ने विभिन्न थरिका सवारीसाधन आयात भएका थिए। गत आवको तीन महिनामा सवारीसाधनको आयातबाट पाँच अर्ब ९५ करोड राजस्व संकलन भएको थियो। चालु आवको तीन महिनामा रु तीन अर्ब ४१ करोड मूल्य पर्ने २४ हजार नौ सय ३९ वटा अनएसेम्वल्ड मोटरसाइकल आयात भएको छ। ती अनएसेम्वल्ड मोटरसाइकलको आयातबाट तीन अर्ब २८ करोड राजस्व संकलन भएको छ।

त्यस्तै गत आवको तीन महिनाको अवधिमा भने रु दुई अर्ब ४९ करोड मूल्य पर्ने १९ हजार चार सय ८९ अनएसेम्वल्ड मोटरसाइकल आयात भएको थियो। चालु आवको तीन महिनामा रु ६२ करोड २४ लाख मूल्य पर्ने तीन सय ३० जीप, कार र भ्यानको आयात भएको छ। ती सवारीसाधनको आयातबाट रु एक अर्ब ७५ करोड राजस्व संकलन भएको छ। गत आवको तीन महिनाको अवधिमा भने रु ७६ करोड ५८ लाख मूल्य पर्ने चार सय ३२ जीप, कार र भ्यानको आयात भएको थियो। सो आवमा ती सवारीसाधनको आयातबाट भने रु एक अर्ब ९६ करोड राजस्व संकलन भएको थियो। चालु आवको तीन महिनामा वीरगञ्ज नाका हुँदै रु ६८ करोड ५ लाख मूल्य पर्ने दुई सय २९ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन्। ती विद्युतीय जीप, कार र भ्यान आयातबाट ४५ अर्ब ७२ लाख राजस्व संकलन भएको छ।

गत आवको तीन महिनाको अवधिमा भने वीरगञ्ज नाका हुँदै रु १४ करोड ४९ लाख मूल्य पर्ने ९७ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको थियो। सो अवधिमा विद्युतीय सवारीसाधनआयातबाट रु नौ करोड ११ लाख मात्रै राजस्व सङ्कलन भएको थियो।

# प्रक्रिया नपुगेको कार्यको भुक्तानी रोक्न कार्यबाहक नगर प्रमुख सक्रिय

**प्रवीण कुमार शर्मा**

रौतहट, १७ कार्तिक। रौतहटको फतुवा विजयपुर नगरपालिकाका कार्यबाहक नगर प्रमुख अम्बेया खातुनले नेपाल सरकारको नियम कानुन मिचेर भुक्तानी हुनु नपर्ने अडान लिनुभएको छ। नगरपालिकामा टावरलाइट तथा भेपरलाइट जडान कार्यको भुक्तानी रोकेको विषयलाई लिएर उठेको विवादमा कार्यबाहक नगर प्रमुख खातुनले प्रक्रिया पूरा नहुँदै दबाबमा कुनै पनि भुक्तानी पालिकाबाट नहुने स्पष्ट पार्नु भएको छ।

एउटै प्रकृतिको कामलाई टुक्रा पारेर खरिद गरिएको तथा इबिडिङ्क नगरिएकाले भेपरलाइट र टावर लाइट जडान कार्यको भुक्तानी नभएको उहाँको भनाइ रहेको छ। नगरपालिकाले २०८१ फाल्गुन १३ गतेका दिन रिन्योवल इनर्जी प्रमोशन प्रा.लि. काठमाडौँसँग नगरपालिकाअन्तर्गत सन्तपुर कब्रिस्थानमा टावरलाइट जडानका लागि भ्याटसहित नौ लाख ९१ हजार चार सय ५७ रुपियाँ ४८ पैसामा सम्झौता गरेको थियो।

त्यस्तै भेपरलाइट जडानका लागि २०८२ जेठ १८ मा प्रेस्था ट्रेडर्स एण्ड सप्लायर्ससँग १९ लाख ९५ हजार आठ सय २५ रुपियाँ दस पैसामा सम्झौता गरेको थियो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवले टावरलाइट जडानका लागि पेश्की रकम समेत दिएको तथा सप्लायर्सले जडान गर्दा नगरपालिकासँग समन्वय नगरेको साथै सामानको गुणस्तर जाँच, जिन्सी दाखिला लगायतका कार्य नहुँदा उक्त योजनाको भुक्तानी रोकिएको जानकारी दिनुभयो।

यता दुवै सप्लायर्सको तर्फबाट जनकपुर उपमहानगरपालिका–८ बस्ने ललितेश्वर श्रीवास्तवले आफुले पालिकालाई ३० प्रतिशत कमिशन नदिएका कारण देखाउँदै नगरपालिकाले भुक्तानी रोकेको आरोप लगाउनुभएको छ ।

श्रीवास्तवका अनुसार सबै कागजात हुँदा समेत आफ्नो भुक्तानी रोकिँदा आफू अन्यायमा परेको दाबी गर्नु भएको छ। श्रीवास्तवले लगाएको आरोपको खण्डन गर्नु हुँदै नगरपालिकाका लेखाअधिकृत कामेश्वर सहनीले विद्यमान कानुन बाहिर गएर भुक्तानी सम्भव नरहेको बताउनुभएको छ।

भुक्तानीका लागि प्रक्रिया खोजेपछि सप्लायर्सका प्रतिनिधि श्रीवास्तवले प्रमुख प्रशासकीय अधिकृत यादव, इन्जिनियर मो. फिरोज आलम, जिन्सी शाखा प्रमुख हरेन्द्र यादव तथा आफुविरुद्ध हुँदै नभएको आरोप लगाएर भ्रम सिर्जना गरेको लेखा अधिकृत सहनीले बताउनुभयो। जेनजी आन्दोलनको क्रममा नगरपालिकाको सम्पूर्ण श्रेस्ता समेत जलेको अवस्थामा रितपूर्वक कागजात नपुर्याइ आफुबाट कुनै पनि प्रकारको भुक्तानी सम्भव नरहेको उहाँको भनाइ रहेको छ।

## स्रोत नखुलेको ...

जाँच गर्ने क्रममा उक्त नगद फेला पारी चालक किरण र गाडीमा सवार धिरजलाई पक्राउ गरेको हो।

घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान भइरहेको जनाएको छ।








**स्क्रब टाइफस (Scrub Typhus)**

स्कब टाइफस एक किसिमको सरुवा रोग हो । यो रोग लाग्ने किर्ना जस्तो देखिने किरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ । यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसी (Orentia Tutsugamushi) भन्ने जिवाणुबाट लाग्दछ । माइट प्राय : जसो झाडी, खेतवारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाँउमा देखिने गर्दछ ।



**स्कब टाइफस कसरी सर्छ ?**

मुसामा लाग्ने किर्ना जस्तो देखिने किरा (माइट)को टोकाइबाट मानिसमा सर्दछ । यो रोग मानिसबाट मानिसमा सर्दैन ।

**स्कब टाइफसका लक्षणहरु**



- घेरै जवरो आउनु (काम ज्वरो समेत आउन सक्छ)
- घेरै टाउको दुख्नु
- पसिना घेरै आउनु
- आँखा रातो हुनु
- झाडापखाला लाग्नु
- किराले (माईट) टोकेको ठाउँमा रातो डाबर जस्तो दाग देखिनु र पछि गएर कालो दाग बस्नु

**स्कब टाइफसबाट बच्ने उपायहरु के-के हुन् ?**

- खेतवारीमा काम गर्दा वनजंगल /झाडीमा जाँदा वा घाँस काट्न जाँदा पुरा शरीर ढाकिने कपडा लगाउने साथै सम्भव भुइं सम्म बुट लगाउने
- घाँसवारी वा चउरमा बस्दा गुन्द्री वा दरी ओछ्याएर बस्ने
- सम्भव भएसम्म भुईंमा नबस्ने । खाटमा वा अग्लो स्थानमा सुत्ने/बस्ने
- सकेसम्म घाँसवारी र चउरमा नबस्ने
- चउरमा,वारी ,झाडी,घाँस तथा घुरान बढ्न नदिने
- मुसा नियन्त्रणको लागि उपयुक्त किसिमले अन्न भण्डार गर्ने तथा मुसाको बृद्धि विकास नहुने वातावरणको सृजना गर्ने ।

**स्क्रब टाइफस लागेको शंका लागेमा उपचारको लागि तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लैजानु पर्छ । औषधी सेवनपछि यो रोग निको हुन्छ ।**

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)